# कृषि मेला संचालन कार्यविधि, २०७१

नेपाल सरकार (सचिवस्तर) मिति २०७१-१०-२९ को निर्णय अनुसार स्वीकृत

नेपाल सरकार

## कृषि विकास मन्त्रालय

पृष्ठभूमि

कृषि क्षेत्रको विकासबाट देशको सर्वोपरी आर्थिक विकासमा योगदान पुऱ्याउनु कृषक, कृषि व्यवसायी, कृषि सहकारीकर्मी र उद्यमी, व्यापारी, सरकारी, गैह्रसरकारी संघ/संस्थाहरुको प्रमुख समस्या तथा अवसरहरुको पहिचान गरी कृषि व्यवसाय प्रवर्द्धन कार्यक्रम संचालन गर्नु आजको आवश्यकता हो । यस कार्यक्रमबाट आगामी बर्षहरुको लागि उपलब्ध बजेट र विद्यमान जनशक्तिलाई मध्यनजर राखी राष्ट्रियस्तरका विभिन्न कृषि मेला/प्रदर्शनी/महोत्सव संचालन गर्ने प्रस्ताव गरिएको छ ।

नेपाली कृषिजन्य उत्पादनलाई उपभोक्ता, व्यवसायी, उद्यमी, राष्ट्रिय एवं अन्तर्राष्ट्रिय बजारमा पहिचान स्थापित गराउनुका साथै सरकारी तथा गैर-सरकोरी निकाय, संघ/संस्था एवं नीति निर्माताहरु लगायत नागरिक समाजलाई समेत सुसूचित गराउन एवं कृषि उपजको प्रवर्द्धन गर्नको लागि विगतका बर्षहरु देखिनै विभिन्न नीजि तथा गैर-सरकारी संघ संस्थाहरु सँग सार्वजनिक निजी साझेदारी एवं सहकार्यमा राष्ट्रिय/क्षेत्रियस्तरमा विभिन्न मेलाहरु यस कार्यक्रमको सहभागीतामा संचालन भईसकेका छन् ।

कृषक, उद्यमी एवं व्यवसायीहरुलाई व्यवसायीकरण तर्फ उन्मुख गराउँदै बजारीकरणमा सहयोग पुऱ्याउनु र व्यवसाय प्रवर्द्धन गर्न समेतको उद्देश्यले नेपालमा आयोजना गरिने विभिन्न कृषि मेलाहरुलाई आगामी बर्षहरुमा पनि सहज रुपमा संचालन गराउनको लागि यस कृषि मेला संचालन कार्यविधि, २०७१ तयार गरिएको छ ।

## परिच्छेद-१

## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ : १) यो कार्यविधिको नाम "कृषि मेला संचालन कार्यविधि, २०७१" रहेको छ ।

२) यो कार्यविधि कृषि विकास मन्त्रालयबाट स्वीकृत भएको मितिबाट प्रारम्भ हुनेछ ।

२. परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा –

क) "कृषि मेला" भन्नाले कृषिजन्य उत्पादन एवं उपज तथा कृषक, कृषि उद्यमी एवं कृषि व्यवसायीहरुको व्यवसाय प्रवर्द्धन हेतुले राष्ट्रिय, क्षेत्रिय वा जिल्लास्तरमा आयोजना गरिने मेला, प्रदर्शनी वा महोत्सव भन्ने बुझ्नु पर्दछ ।

ख) "राष्ट्रिय प्रांगारिक कृषि मेला" भन्नाले एक भन्दा बढी विकास क्षेत्रका जिल्लाहरुका प्रांगारिक कृषक, कृषि व्यवसायी, उद्यमी, सेवा प्रदायक तथा प्रवर्द्धकहरु सहभागी भएको कृषि मेला भन्ने बुझ्नु पर्दछ ।

ग) "राष्ट्रियस्तरको कृषि मेला" भन्नाले एक भन्दा बढी विकास क्षेत्रका जिल्लाहरुका कृषक, कृषि व्यवसायी, उद्यमी, सेवा प्रदायक तथा प्रवर्द्धकहरु सहभागी भएको कृषि मेला भन्ने बुझ्नु पर्दछ ।

घ) "क्षेत्रियस्तरको कृषि मेला" भन्नाले एउटा विकास क्षेत्रको विभिन्न जिल्लाका कृषक, कृषि व्यवसायी, उद्यमी, सेवा प्रदायक तथा प्रवर्द्धकहरु सहभागी भएको कृषि मेला भन्ने बुझ्नु पर्दछ ।

ङ ) "जिल्लास्तरको कृषि मेला" भन्नाले एउटै जिल्लाका कृषक, कृषि व्यवसायी, उद्यमी, सेवा प्रदायक तथा प्रवर्द्धकहरु सहभागी भएको कृषि मेला भन्ने बुझ्नु पर्दछ ।

च) "वस्तुगत कृषि मेला" भन्नाले विभिन्न व्यवसायिक कृषि उपजहरु जस्तै आलु, मह, च्याउ, बेमौसमी तरकारी, पुष्प, फलफूल लगायतको एकल प्रदर्शनी भन्ने बुझ्नु पर्दछ ।

छ) "मेला आयोजक" भन्नाले आधारभूत रुपमा मेला संचालन गर्ने निकायहरु जस्तै कृषि उद्यम केन्द्र, नेपाल उद्योग वाणिज्य महासंघ तथा जिल्ला स्थित उद्योग वाणिज्य संघहरु, नेपाल उद्योग परिसंघ तथा जिल्ला स्थित उद्योग परिसंघहरु, फ्लोरिकल्चर एशोसियसन नेपाल, बिभिन्न कृषक सहकारी संस्था, कृषि सम्बन्धि बिभिन्न वस्तुगत संघ-संस्थाहरु तथा अन्य निजी तथा गैरसरकारी संस्था लगायतलाई बुझ्नु पर्दछ ।

ज) "बिभाग" भन्नाले नेपाल सरकार, कृषि विकास मन्त्रालय अन्तर्गतको कृषि बिभागलाई बुझ्नु पर्दछ ।

झ) "मन्त्रालय" भन्नाले नेपाल सरकारको कृषि बिकास मन्त्रालयलाई बुझ्नु पर्दछ ।

३. उद्देश्य : यस कार्यविधिका उद्देश्य देहाय बमोजिम रहेको छ :-

क) कृषक, व्यवसायी तथा उद्यमीहरुलाई आफूले उत्पादन गरेका उपजहरुको स्थानीय, राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा प्रचार-प्रसार गर्न सहयोग गर्ने ।

ख) व्यवसायीक, वैज्ञानिक एवं नवीनतम कृषि प्रविधि, कृषि उपज तथा सूचनाहरुको आदान-प्रदान गर्न योगदान पुर्याउने ।

ग) कृषिजन्य उद्योगको विकासमा सहयोग गरी आन्तरिक बजार प्रबर्द्धनमा योगदान पुर्याउने ।

घ) कृषक, व्यवसायी, उद्यमी, सेवा प्रदायक तथा उपभोक्ता बीच व्यवसायीक सम्बन्ध एवं सहकार्य स्थापना गर्न सहयोग पुर्याउने ।

## परिच्छेद -२

## कृषि मेला संचालन विधि

४. कार्यक्रम : यस कार्यविधि अन्तर्गत देहाय बमोजिमका कार्यक्रमहरु संचालन गरिने छन् ।

क) राष्ट्रिय प्रांगारिक कृषि मेला ।

ख) राष्ट्रिय, क्षेत्रिय तथा जिल्लास्तरीय कृषि मेला ।

ग) वस्तुगत कृषि मेला (आलु, तरकारी, माछा, मह, फलफूल, पुष्प आदी ) ।

५. कार्यक्रम सञ्चालन हुने स्थान :

१) कृषि मेला नेपालभर संचालन गर्न सकिनेछ ।

२) दफा ४ को खण्ड (क) को मेला संचालनको हकमा कृषि बिभाग र क्षेत्रिय कृषि निर्देशनालयहरुको समन्वयमा मेला आयोजना गरिने स्थान छनौट गरिने छ ।

३) दफा ४ को खण्ड (ख) को मेला संचालनको हकमा क्षेत्रिय सन्तुलनको आधारमा पाँचै विकास क्षेत्रका तुलनात्मक रुपमा कृषि व्यवसायीकरणमा अग्रसर भएका जिल्लाहरुलाई संभाव्यताको आधारमा कृषि व्यवसाय प्रवर्द्धन कार्यक्रमले जिल्ला प्राथमिकिकरण सहित छनौट गर्नेछ ।

४) दफा ४ को खण्ड (ग) को मेलाहरुको सञ्चालनको लागि व्यवसायिक रुपमा उत्पादन भएको स्थानलाई प्राथमिकतामा दिइनेछ ।

६. मेला संचालनको लागि आर्थिक अनुदान प्राप्त गर्नको लागि आवेदन दिन सक्ने आवेदकहरु :

१) नेपालभर कृषक, कृषि व्यवसायी तथा उद्यमीहरुको व्यवसाय प्रवर्द्धन गर्ने हेतुले आयोजना हुने विभिन्न कृषि मेलाहरु संचालन गर्ने देहाय बमोजमका मेला आयोजकहरुले आर्थिक अनुदान प्राप्त गर्नको लागि आवेदन दिन सक्नेछन् ।

क) नेपाल उद्योग वाणिज्य महासंघ तथा जिल्ला स्थित उद्योग वाणिज्य संघहरु ।

ख) नेपाल उद्योग परिसंघ तथा जिल्ला स्थित उद्योग परिसंघहरु ।

ग) विभिन्न कृषि सहकारी संघ–संस्थाहरु ।

घ) विभिन्न नीजि तथा गैर–सरकारी संघ–संस्थाहरु ।

२) आवेदकहरुले देहायको शर्तहरु पुरा गरेको हुनुपर्दछ ।

क) नियमित रुपमा संस्था नविकरण एवं लेखापरिक्षण गरेको हुनुपर्ने ।

ख) प्यान वा भ्याटमा संस्था दर्ता भई नियमित रुपमा कर तथा राजस्व तिरेको हुनुपर्ने ।

ग) तोकिएको ढाँचामा निवेदन एवं प्रस्ताव पेश गर्नुपर्ने ।

७. कार्यक्रम कार्यान्वयन प्रकृया :

१) यस कार्यविधिको दफा ४ को खण्ड (क) मा उल्लेख गरिएको राष्ट्रिय प्रांगारिक कृषि मेला कृषि व्यवसाय प्रबर्द्धन कार्यक्रम, कृषि विभाग एवं क्षेत्रीय कृषि निर्देशनालयहरुसँगको समन्वयमा संचालन गरिनेछ । यस मेला संचालन गर्दा आयोजक सरकारी निकायले यस कार्यविधिको दफा ८ को उपदफा १) मा उल्लेख गरिएबमोजिमको नर्मस् भित्र रहि संचालन एवं कार्यान्वयन गर्नुपर्ने छ ।

२) दफा ४ को खण्ड (ख) र ४ को खण्ड (ग) मा उल्लेख गरे बमोजिमको राष्ट्रिय, क्षेत्रिय तथा जिल्लास्तरीय कृषि मेला एवं वस्तुगत कृषि मेला (आलु, तरकारी, माछा, मह, फलफूल, पुष्प आदी) संचालन एवं कार्यान्वय प्रकृया देहाय बमोजिम गरिनेछ ।

क) सूचना प्रवाह : कृषि व्यवसाय प्रबर्द्धन कार्यक्रमले राष्ट्रिय दैनिक पत्रिकामा ३० दिनको म्याद राखि सूचना प्रकाशन गराउने छ ।

ख) आवेदन एवं प्रस्ताव संकलन: कार्यविधिको दफा ६ मा उल्लेख गरिए बमोजिम नेपालभरका योग्य आवेदकहरुबाट अनुसुचि १ बमोजिमको ढाँचामा कृषि व्यवसाय प्रबर्द्धन कार्यक्रमा आवेदन पेश गर्नुपर्नेछ । आवेदन सँगै अनुसूचि २ बमोजिमको ढाँचामा सम्बन्धित जिल्ला कृषि विकास कार्यालयको सिफारिसको साथमा संचालन गरिने मेलाको प्रस्तावना पेश गर्नुपर्नेछ ।

ग) छनौट प्रक्रिया : विनियोजित बजेटको आधारमा पाँच वटै विकास क्षेत्रबाट समानुपातिक रुपमा कृषि मेला प्रदर्शनी आयोजकहरु छनौट गरिने छ । क्षेत्रिय, जिल्लास्तरीय एवं विशेष कृषि उपज मेलाहरुको सन्दर्भमा नयाँ, दुर्गम जिल्ला तथा व्यवसायिक रुपमा अग्रसर जिल्लाका मेला आयोजकलाई मूल्यांकन समितिले छनौट गर्नेछ । मूल्यांकन समितिमा निम्नानुसारको सदस्यहरु रहने छन् :

१. कार्यक्रम प्रमुख, कृषि व्यवसाय प्रबर्द्धन कार्यक्रम – संयोजक

२.अधिकृत प्रतिनिधि, कृषि व्यवसाय प्रबर्द्धन तथा बजार विकास निर्देशनालय – सदस्य

३.अधिकृत प्रतिनिधि, कृषि विभाग – सदस्य

४.लेखाप्रमुख, कृषि व्यवसाय प्रबर्द्धन कार्यक्रम – सदस्य

५.अधिकृत प्रतिनिधि, कृषि व्यवसाय प्रबर्द्धन कार्यक्रम – सदस्य सचिव

मूल्यांकन समितिले अनुसुचि ३ बमोजिम प्राप्त भएका आवेदन एवं प्रस्तावहरुको मूल्यांकन गरि आर्थिक अनुदान प्रदान गर्नको लागि मेला आयोजकहरुलाई छनौट गर्नेछ ।

३. मेला छनौटका आधारहरु :

कृषि व्यवसाय प्रबर्द्धन कार्यक्रममा राष्ट्रिय, क्षेत्रिय तथा जिल्लास्तरीय कृषि मेला तथा विशेष कृषि उपज मेलाहरु संचालनार्थ आर्थिक सहयोगको लागि मेला आयोजकहरुद्वारा प्रस्तावना सहित आवेदन दिएपश्चात सहयोगको लागि मेला छनौटका आधारहरु देहाय बमोजिम हुनेछ ।

क) मेला संचालन गरिने स्थल प्राविधिक, भौगोलिक एवं आर्थिक दृष्टिकोणले उपयुक्त हुनुपर्ने छ ।

ख) प्रस्तावकले मुलभूत रुपमा आफ्नै स्रोत र साधनमा मेला आयोजना गर्नेछ भने थप सहयोगको लागि मात्र कार्यक्रममा माग गर्न सक्नेछ ।

ग) जिल्ला कृषि विकास कार्यालय तथा अन्य सरकारी निकायहरुबाट मेला आयोजना प्रयोजनका लागि सहयोग नलिएको मेला आयोजकलाई छनौट गरिने छ ।

घ) दुर्गम जिल्ला तथा व्यवसायिक रुपमा अग्रसर जिल्लाका मेला आयोजकहरुलाई प्रोत्साहन गरिने छ ।

ङ) तीन पटक भन्दा बढि आर्थिक सहयोग पाएका मेला आयोजकहरुलाई पुनः सहयोग उपलब्ध गराईने छैन ।

च) क्षेत्रिय एवं जिल्ला स्तरिय मेलाको हकमा कृषि क्षेत्रको छुट्टै पेभिलिएन बनाई मेला आयोजना गर्नुपर्ने छ ।

छ) छनौट भएका मेलाहरु सोही आर्थिक वर्ष भित्र आयोजना गर्नुपर्नेछ ।

छनौट भएका मेला आयोजकहरुलाई कृषि व्यवसाय प्रवद्र्धन कार्यक्रमले अनुसूचि ४ बमोजिम सम्झौता गराई कार्यक्रम संचालन गराईनेछ ।

८. <u>मेला संचालनको लागि बजेट खर्च गर्ने नर्मस तथा आर्थिक अनुदान रकम प्रवाह प्रक्रिया :</u>

मेला सञ्चालनको लागि बजेट खर्च गर्ने नर्मस तथा आर्थिक रकम प्रवाह गर्ने प्रकृया देहाय बमोजिम हुनेछ ।

१) राष्ट्रिय प्राङ्गारिक कृषि मेला : दफा ४ को खण्ड (क) मा उल्लेख गरिएको राष्ट्रिय प्राङ्गारिक कृषि मेला संचालनको लागि देहाय बमोजिमको परिधिभित्र रहि कार्यक्रम संचालन गरिनेछ ।

क) राष्ट्रिय प्रांगारिक कृषि मेला संचालनको लागि प्रति स्टल निर्माणको लागि रु.५,०००।– का दरले खर्च गर्न सकिनेछ । (टेवल २ गोटा, कुर्सी २ गोटा, टेवलपोस २ थान, विधुत, साउण्ड सिष्टम आदि स्विकृत ईष्टमेट अनुसार गर्ने) ।

ख) मेला संचालन गर्ने स्थल भाडामा लिने सम्वन्धमा स्थल उपलब्ध गराउने संस्थाको दररेट अनुसार द्विपक्षिय सम्झौता गरी स्थल भाडामा लिनको लागि बढिमा रु. १,००,०००।– प्रति दिन का दरले खर्च गर्न सकिनेछ ।

ग) मेला संचालनको शिलशिलामा विज्ञापन प्रसारण प्रति मेलाको लागि आवश्यकता अनुसार (विज्ञापनको साईज, दररेट तथा विज्ञापन गराउने मिडियाको छनौट गरी सार्वजिनक खरिद ऐन २०६३ तथा नियमावली २०६४ अनुसार) बढीमा रु. १,००,०००।– सम्म खर्च गर्न सकिने छ।

घ) मेला स्थल तथा स्टल सुरक्षार्थ पालोपहरा गर्न राति खटाईने सुरक्षागार्ड प्रति मेलामा ३ जना देखि बढीमा ६ जनासम्म सुरक्षा गार्ड राख्न सकिने र प्रति दिन/प्रति जवान रु.१,०००।– का दरले खर्च भुक्तानी दिईनेछ ।यसरी सुरक्षागार्ड खटाउँदा सार्वजिनक खरिद ऐन २०६३ तथा नियमावली २०६४ अनुसार गराउनुपर्नेछ ।

ङ) उत्कृष्ट कृषक तथा व्यवसायीहरुलाई प्रति मेलामा नगद पुरस्कार, शिल्ड तथा प्रमाणपत्र वितरण गर्न तपसिल बमोजिम खर्च गर्न सकिनेछ :

तपसिल

| क्र.स. | विवरण | ईकाई | परिमाण | दर | जम्मा अधिकतम |
|---|---|---|---|---|---|
| १ | स्टल निर्माण | वटा | १५० | ५००० | ७५०००० |
| २ | मेला स्थल भाडा | प्रति दिन | ४ | २५००० | १००००० |
| ३ | विज्ञापन (साईज, दररेट र समयावधिअनुसार) | प्रतिमेला कार्यक्रम | | | १००००० |
| ४ | पाली पहरा (मेलास्थल सुरक्षा) (६ जना ४ दिन अवधिको लागि) | जवान प्रति दिन | २४ | १००० | २४००० |
| ५ | पुरस्कार | | | | |
| ५.१ | नगद पुरस्कार (चार वटा विधामा) | | | | |
| ५.१.१ | प्रथम | वटा | ४ | १०००० | ४०००० |
| ५.१.२ | द्वितिय | वटा | ४ | ८००० | ३२००० |
| ५.१.३ | तृतिय | वटा | ४ | ६००० | २४००० |
| ५.१.४ | सान्त्वना | वटा | ४ | ४००० | १६००० |
| ५.२ | शिल्ड | वटा | १६ | ६००० | ९६००० |
| ५.३ | प्रमाणपत्र | वटा | १५०० | २८ | ४२००० |
| ५.४ | मायाको चिनो | वटा | ३०० | २५० | ७५००० |
| ६ | सांस्कृतिक कार्यक्रम | समूह | ५ | २०००० | १००००० |
| ७ | मूल्यांकन पारिश्रमिक | | | | |
| ७.१ | संयोजक | जना | १ | १००० | १००० |
| ७.२ | सदस्य | जना | ४ | ८०० | ३२०० |
| ८ | गोष्ठी | | | | |
| ८.१ | कार्यपत्र प्रस्तुतकर्ता पारिश्रमिक | | | | |
| ८.१.१ | बाहिरी प्रस्तुतकर्ता | | | | |
| | कार्यपत्र बापत | प्रति कार्यपत्र | ४ | १५०० | ६००० |
| | प्रवचन बापत | | ४ | १००० | ४००० |
| ८.१.२ | आन्तरिक प्रस्तुतकर्ता | प्रति कार्यपत्र | | | |
| | कार्यपत्र / प्रवचन बापत | | ४ | १५०० | ६००० |
| ८.२ | टिप्पणीकर्ता | प्रति कार्यपत्र | १८ | ७०० | १२६०० |
| ८.३ | प्रतिवेदक | प्रतिदिन | १ | १००० | १००० |
| ८.४ | स्टेशनरी | प्रति सहभागी | ८० | १०० | ८००० |
| ८.५ | खाजा | प्रति व्यक्ति/प्रतिदिन | १०० | १५० | १५००० |
| ८.६ | गोष्ठीकक्ष तथा भाडामा लिनुपर्ने उपकरणहरुको भाडा | प्रति दिन | प्रचलित बजार दर अनुसार | | |
| ९ | मसलन्द खर्च | | | | |
| ९.१ | प्रमाणपत्र* | वटा | २०० | ५० | १०००० |
| ९.२ | व्याच* | वटा | ६० | ५० | ३००० |
| ९.३ | पोष्टर/ब्रोसियर* | वटा | १००० | २० | २०००० |
| ९.४ | व्यानर* | वटा | २२ | १५०० | ३३००० |
| ९.५ | फ्लेक्सबोर्ड* | वटा | १५ | २५०० | ३७५०० |
| १० | उद्घाटन खर्च | | | | |
| १०.१ | खाजा/पानी खर्च | व्यक्ति | १२० | १५० | १८००० |
| १०.२ | मञ्च सजावट | दिन | १ | २०००० | २०००० |
| ११ | समापन खर्च | | | | |
| ११.१ | खाजा/पानी खर्च | व्यक्ति | १२० | १५० | १८००० |
| ११.२ | मञ्च सजावट | दिन | १ | २०००० | २०००० |
| १२ | सरसफाई | दिन | ५ | ४००० | २०००० |
| १३ | मेला समिति तथा उपसमिति बैठक (आवश्यकता अनुसार) | | | | |
| १३.१ | खाजा/चिया खर्च | प्रति व्यक्ति | १०० | १५० | १५००० |

* प्रमाणपत्र, व्याच, पोष्टर/ब्रोसियर, व्यानर, फ्लेक्स बोर्ड आदि छपाई गर्दा सो को साईज, दररेट र ठाउँ अनुसार गरिनेछ ।

२) राष्ट्रिय, क्षेत्रिय, जिल्लास्तरीय तथा वस्तुगत कृषि मेला : दफा ४ को खण्ड (ख) र ४ को खण्ड (ग) मा उलेख्खित राष्ट्रिय, क्षेत्रिय, जिल्लास्तरीय तथा वस्तुगत कृषि मेला संचालनको लागि छनौट गरिएका मेला आयोजकहरुलाई आर्थिक अनुदानको रकम र प्रक्रिया देहाय बमोजिम हुनेछ ।

क) मेला आयोजक स्वयंले मूलभूत रुपमा मेला संचालन सम्पूर्ण आर्थिक, व्यवस्थापकिय एवं प्रशासनिक कार्य एवं बजेट व्यहोर्नु पर्नेछ भने यस कार्यविधिमा उल्लेख गरिए बमोजिम निश्चित रकमको आर्थिक सहयोग मात्र कृषि व्यवसाय प्रवर्द्धन कार्यक्रम, हरिहरभवन बाट गराईने छ ।

ख) बिनियोजित बजेट रु छनौट गरिएका मेलाको संख्याको आधारमा आर्थिक अनुदान प्रदान गरिने छ ।

ग) सार्वजनिक-निजी साझेदारीको अवधाराणा अनुरुप सञ्चालन गरिने उक्त मेलाहरुमा प्रति कृषि स्टल रु ५०००।- (अक्षरेपी पाँचहजार मात्र) को दरले उपलब्ध गराईने छ।

घ) मेला छनौट भई सम्बन्धित मेला आयोजकसँग सम्झौता भएपछि पहिलो किस्तामा ४०% सहयोग रकम उपलब्ध गराईनेछ । कार्यक्रम सम्पन्न भए पछि आवश्यक प्रतिवेदन तथा कागजात तयार गरी दोस्रो किस्ताको भुक्तानीका लागि पेश गर्नुपर्नेछ । सम्बन्धित जिल्ला कृषि विकास कार्यालय वा कृषि व्यवसाय प्रवर्द्धन कार्यक्रमले अनुगमन गरी सन्तोषजनक रुपमा कार्यक्रम सम्पन्न भएको पाइएमा दोश्रो किस्ताको रकम भुक्तानी दिइनेछ । यस्तो आर्थिक सहयोग रकम मेला संचालन गर्न आवश्यक पर्ने बैठक, कृषक, व्यवसायी भेला, मेलाको विज्ञापन, मेला स्थल तथा स्टल निमार्ण, उत्कृष्ट कृषक, व्यवसायीहरुलाई पुरस्कार वितरण, सांस्कृतिक कृषि कार्यक्रम लगायतका शिर्षकमा खर्च गर्न सकिनेछ । यदि सम्झौता गरिएको अनुरुपको स्टल संख्या नरहेको पाइएमा दोस्रो किस्ता भुक्तानी गर्दा स्टलको संख्याको आधारमा मात्र बाँकी अनुदान रकम भुक्तानी गरिनेछ ।

ङ) नेपाल सरकारको प्रचलित ऐन नियम बमोजिम मेला आयोजकले अग्रसरता लिई सम्बन्धि पारदर्शी रुपमा मेला संचालन गर्नुपर्नेछ । कार्यक्रम संचालन पेश भएको प्रस्ताव र सम्झौता अनुसार हुनुपर्ने छ ।

९. <u>सहभागितात्मक अनुगमन</u> : मेला संचालन भएको समयमा कृषि व्यवसाय प्रवद्र्धन कार्यक्रमको तर्फबाट एक जना अधिकृत, सम्बन्धित जिल्ला कृषि विकास कार्यालयका अधिकृत एक जना र मेला आयोजक समितिका एक जना गरि तीन जनाको संयुक्त अनुगमन टोलीले मेलको अनुगमन गर्नेछ ।

१०. <u>कार्य सम्पन्न प्रतिवेदन</u> : मेला आयोजकहरुले स्किम र सम्झौता अनुसार कार्यक्रम पूर्णरुपले सम्पन्न भईसकेपछि कृषि व्यवसाय प्रवद्र्धन कार्यक्रममा कार्य सम्पन्न प्रतिवेदन पेश गर्नुपर्नेछ ।

## परिच्छेद-३

## <u>कार्यक्रममा संलग्न निकायहरु र तिनको जिम्मेवारी</u>

<u>११. मेला संचालनमा संलग्न निकायहरुको जिम्मेवारी</u> : १. मेला आयोजकहरुको जिम्मेवारी

क) आफूले पेश गरेको प्रस्तावना अनुसार काम गर्ने लिखित प्रतिवद्धता जाहेर गर्ने र सोही मुताबिक मेला संचालन एवं अनुगमन गर्ने ।

ख) मेला सम्पन्न भए पश्चात कार्यक्रम सम्पन्न प्रतिवेदन २ प्रति कृषि व्यवसाय प्रवर्द्धन कार्यक्रममा पठाउने ।

२. जिल्ला कृषि विकास कार्यालयको जिम्मेवारी

क) आफ्नो कार्य क्षेत्रको मातहतमा रहेका मेला आयोजकहरुलाई सिफारिश गरी आवश्यक प्राविधिक एवं प्रशासनिक सेवा उपलब्ध गराउने ।

ख) कृषि व्यवसाय प्रवद्र्धन कार्यक्रम सँग सहभागितात्मक मेला अनुगमन गर्ने ।

३. क्षेत्रिय कृषि निर्देशनालयहरुको जिम्मेवारी

आफ्नो कार्य क्षेत्रको मातहतमा रहेका मेला आयोजकहरुलाई सिफारिश गरी आवश्यक प्राविधिक एवं प्रशासनिक सेवा उपलब्ध गराउने ।

४. कृषि व्यसाय प्रबर्द्धन कार्यक्रमको जिम्मेवारी

क) कार्यक्रम बजेट र अख्तियारी स्वीकृत गर्ने÷गराउने ।

ख) कार्यक्रमको कार्यविधि÷निर्देशिका तयार गरी स्वीकृत कार्यविधि÷निर्देशिका कार्यान्वयनमा ल्याउने ।

ग) कार्यक्रमका लागि सूचना प्रकाशन सम्बन्धित कार्यहरु गर्ने ।

घ) कार्यक्रमको अनुगमन÷मूल्याङ्कन गर्ने ।

ङ) वार्षिक रुपमा कार्यक्रमको वस्तुस्थिति प्रतिवेदन तयार गर्ने ।

च) कार्यक्रम संचालनको लागि सहजकर्ताको भूमिका निर्वाह गर्ने ।

छ) कार्यक्रमको प्रगति विवरण तयार गरि विभाग तथा मन्त्रालयमा पठाउने ।

## परिच्छेद–५

## विविध

१२. कारवाहीको व्यवस्था : प्रस्ताव स्वीकृत भई छनौट भएका मेला आयोजकहरुले सम्झौता अनुसार कार्यक्रम सम्पन्न नगरी प्राप्त आर्थिक सहयोगलाई दुरुपयोग गरेको पाइएमा नेपाल सरकारको प्रचलित ऐन नियम तथा कानुन बमोजिम कारबाही गरी सरकारी रकम असुल उपर गरिने छ ।

१३. प्रचलित कानुन लागु हुने : मेला संचालनको सम्बन्धमा प्रचलित कानुनमा उल्लेख भएकोमा सोही बमोजिम तथा उल्लेख नभएको कार्यक्रमको हकमा यसै कार्यविधि बमोजिम कार्यान्वयन हुनेछ ।

१४. बाधा अड्काउ फुकाउने: यस कार्यविधिको कार्यान्वयमा कुनै प्रकारको बाधा अड्काउ परेमा विभागका महानिर्देशकबाट निकास भए बमोजिम हुनेछ ।

१५. कार्यविधि संशोधन तथा खारेजी : कृषि विकास मन्त्रालयले यस कार्यवधिमा आवश्यकतानुसार संशोधन र खारेजी गर्न सक्नेछ ।

अनुसुचि १

(दफा ७ को उपदफा २ को खण्ड ख सँग सम्बन्धित)

निवेदनको ढाँचा

राष्ट्रिय, क्षेत्रिय तथा जिल्लास्तरिय तथा विशेष कृषि वस्तुको मेला संचालनको लागि आर्थिक सहयोग प्राप्त गर्नको लागि दिईने आवेदन-पत्र

श्रीमान् प्रमुखज्यू,
कृषि व्यवसाय प्रवर्द्धन कार्यक्रम,
हरिहरभवन ।

विषय : मेला संचालनको लागि आर्थिक सहयोग उपलब्ध गराई दिने बारे ।

महोदय,

.......(मेला आयोजकको नाम)को आयोजना तथा विभिन्न संघ संस्थाहरुको सहयोग र सहभागितामा यहि मिति ...... देखि .... सम्म ...........(मेलाको नाम) संचालन हुन लागेको हुँदा यस कार्यक्रम मार्फत सो मेला संचालनको लागि आर्थिक सहयोग उपलब्ध गराईदिनु हुनका लागि निम्नानुसार कागजात राखी निवेदन गर्दछौं । हामीले आर्थिक सहयोग प्राप्त गरेमा पेश गरिएको प्रस्तावना एवं निर्धारित प्रकृया अनुसार सफलतापूर्वक मेला आयोजना गर्नेछौं । पूनश्च: तपशिल अनुसारका कागजातहरु यसै निवेदन साथ संलग्न राखेको व्यहोरा समेत अनुरोध गर्दछु ।

तपशिल

१. अनूसूची २ अनुसारको संक्षिप्त कार्ययोजना
२. संस्था दर्ता भएको प्रमाणको प्रतिलिपि
३. गत आ.व.को लेखा परिक्षणको प्रतिलिपि
४. प्यान वा भ्याट मा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपि
५. संस्थाको जनशक्ति विवरण (प्रमाणित)
६. संस्थाको घर-जग्गा तथा कार्यालय उपकरण आदिको विवरण (प्रमाणित)
७. हालसालैको बैंक ब्यालेन्स प्रमाण

निवेदकको
नाम :
दस्तखत :
ठेगाना :

सम्बन्धित जिल्ला कृषि विकास कार्यालयको सिफारिस

यस .........(मेला आयोजकको नाम)ले कृषक, कृषि व्यवसायी एवं उद्यमीहरुको व्यवसाय प्रवर्द्धनको हेतुले ...........(मेलाको नाम) आयोजना गर्न लागेको हुँदा निवेदनकर्तालाई मेला संचालनको लागि अर्थिक सहयोग उपलब्ध गराईदिनु हुन अनुरोध गर्दछौं ।

सिफारिस गर्ने पदाधिकारीको
नाम :
पद :
दस्तखत र मिति :
कार्यालयको छाप :

अनुसुचि २

(दफा ७ को उपदफा २ को खण्ड ख सँग सम्बन्धित)

प्रस्तावनाको ढाँचा

१. मेलाको नाम

२. परिचय

३. मेला आयोजना हुने मिति र स्थान

४. मेलाको लक्ष्य

५. मेलाको उद्देश्य

६. मेला आयोजक, सहआयोजक एवं प्रवर्द्धकहरुको नाम

७. मेलामा आयोजना हुने कार्यक्रमहरु

८. मेलामा सहभागि हुने कृषि सम्बन्धित स्टलहरुको प्रारम्भिक अनुमानित संख्या तथा प्रदर्शनी हुने कृषि वस्तु एवं सेवाहरु

९. प्रारम्भिक अनुमानित आय व्यय

१०. आयोजक संस्थाको परिचय :

(संस्थाको नाम, ठेगाना, स्थापना मिति, संस्थाको उद्देश्य, जनशक्ति विवरण, कार्य दक्षता तथा अनुभव, हालसालैको आर्थिक विवरण – नाफा नोक्सान हिसाब खाता, वासलात तथा बैंक ब्यालेन्स, संस्थाको घर–जग्गा तथा कार्यालय उपकरण आदिको विवरण)

## अनुसुचि ३

(दफा ७ को उपदफा २ को खण्ड ग सँग सम्बन्धित)

### आर्थिक अनुदानको लागि मेला आयोजकको मूल्यांकन फारम

| क.सं | द.नं. | आवेदकको नाम | मूल्यांकन (कूल १०० पूर्णाङ्कमा गर्ने) | | | | | कूल प्राप्ताङ्क |
|---|---|---|---|---|---|---|---|---|
| | | | आयोजकको मेला आयोजनाको अनुभव (२५) | आयोजकको आर्थिक अवस्था (२५) | पेश गरेको प्रस्ताव (२५) | जनसहयोगको सम्भावना र भौगोलिक स्थिति (१५) | आयोजक संस्थाको जनशक्ति (१०) | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

छनौट समितिका पदाधिकारीहरुको नाम, थर, पद, दस्तखत र मिति :

१.

२.

३.

४.

५.

अनुसुचि ४

(दफा ७ को उपदफा ३ सँग सम्बन्धित)

सम्झौता पत्रको ढाँचा

सम्झौता पत्र

नेपाल सरकार, कृषि विकास मन्त्रालय, कृषि विभाग, कृषि व्यवसाय प्रवर्द्धन तथा बजार विकास निर्देशनालय, कृषि व्यवसाय प्रवर्द्धन कार्यक्रम, हरिहर भवन, ललितपुर (यस पछि प्रथम पक्ष भनिने छ ) ..............(मेलाको नाम) का आयोजक ...........(मेला आयोजकको नाम) (यस पछि दोश्रो पक्ष भनिने छ) का विच .........(मेलाको नाम) सफलतापूर्वक सम्पन्न गर्न निम्न शर्तहरु पालना गर्ने गरी यो सम्झौता गरिएको छ । यस सम्झौताको १/१ एक एक प्रति आपसमा बुझि लियौं दियौं ।

शर्तहरु

१) प्रथम पक्ष ..........(मेलाको नाम) को सह–आयोजकको रुपमा रहने छ । प्रथम पक्षले कृषि व्यवसाय प्रवद्र्धन गर्न समेतको उद्देश्यले आयोजना गरिएको ..............(मेलाको नाम) अन्तर्गत कृषि मेलाका लागि रु. ...... ।–(अक्षेरुपी रकम) दोश्रो पक्षलाई उपलव्ध गराउने छ ।

२) पहिलो पक्षबाट ..........(मेलाको नाम) अन्तर्गत कृषि मेला सञ्चालनार्थ उपलव्ध गराएको रकम कृषि परिसर निर्माण गरी कृषि व्यवसायीहरुलाई प्रति स्टल रु. ५००० ।- सहुलियत भाडामा स्टल उपलव्ध गराउनु पर्नेछ ।

३) दोश्रो पक्षले महोत्सव अवधि भित्र जिल्ला कृषि विकास कार्यालय, .........(सम्बन्धित जिल्लाको नाम)संगको सहकार्य एवं समन्वयमा कृषि व्यवसाय प्रवर्द्धन मा टेवा पुग्ने अन्य कार्यहरु जस्तैः व्यवसायिक बैठक, व्यापारी भेला तथा भावी कारोबार सम्झौता आदि समेतको कार्यक्रम सञ्चालन गर्न सकिने छ । यसका अतिरिक्त दोस्रो पक्षले कृषि व्यवसायिहरुलाई आवश्यक पर्ने प्रर्दशन कक्षको व्यवस्था, आधुनिक प्रविधि तथा व्यवसायिक गतिविधिको सूचनाको आदान प्रदानको व्यवस्था मिलाउनु पर्नेछ ।

४) दोश्रो पक्षले महोत्सव समाप्त भए पछि कृषि सम्वन्धी फोटो सहितको सम्पन्न प्रतिवेदन २ थानका साथै आवश्यक बिल भर्पाई कागज सहित भुक्तानी माग गर्न सकिने छ । यसरी भुक्तानी माग गरे पछि प्रथम पक्षले नियमानुसार कर कट्टी गरी दोश्रो पक्षलाई एकमुष्ठ अन्तिम भुक्तानी उपलव्ध गराउनु पर्नेछ ।

| | |
|---|---|
| पहिलो पक्ष | दोस्रो पक्ष |
| नामः | नाम : |
| पदः | पद : |
| कार्यालय : कृषि व्यवसाय प्रवद्र्धन कार्यक्रम | कार्यालय : |
| ठेगाना : हरिहर भवन, ललितपुर | ठेगाना : |
| साक्षी : | साक्षी : |

इति सम्वत् २०७.. साल ...... .... गते ....बार रोज .. शुभम्